जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ११८ २०८२ साल मंसिर २० गते शनिबार (6 Dec 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : बिग्रियो माटो, घट्यो उत्पादन्,. ३ पृष्ठमा : विभिन्न संस्थान र निकायमा ... ३ पृष्ठमा :अमेरिकी शान्ति प्रस्ताव ...

# बस र ट्रक ठोक्किदा एकको मृत्यु, ११ जना घाइते



**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

सप्तरीको कञ्चनरुप नगरपालिकामा बस र ट्रक एक आपसमा ठोक्किएर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने बसमा सवार ११ जना यात्रु घाइते भएका छन् । बसमा सवार ५५ जना यात्रु सबार थिए ।

पूर्व पश्चिम लोकमार्गमा अन्तरगत सो नगरपालिका वडा नं. २ बरमझियामा बिहीबार राति जनकपुरबाट काकडभिट्टातर्फ जाँदै गरेको मधेश प्रदेश०२-००१ख०२८७ नम्बरको यात्रुबाहक बस र विपरित दिशाबाट आउँदै गरेको ना.३ख. ४४०२ नम्बरको ट्रक एक आपसमा ठोक्किएर दुर्घटना भएको हो ।

दुर्घटनामा परि बसमा सवार नाम, ठेगाना खुल्न नसकेको अन्दाजी ५० वर्षीय पुरुष यात्रुको मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

दुर्घटनामा बस चालकसहित पाँच जना भारतीय नागरिकसँगै करिब १२ जना घाइते भएका छन् । भारतको जिल्ला मधुवनी सुजातपुर नगरपालिका ११ का ३२ वर्षीय मो. सहिद, १२ वर्षीय अलताफ ईनताफ, भारत रागोरपुर बखी ४ का २२ वर्षीय अनिसकुमार शर्मा, जिल्ला सितामडी भिठामोड ४ बस्ने २४ वर्षीय सुभान्सुकुमार झा र भारत सिरखण्डी भिठा ६ बस्ने का ७३ वर्षीया शान्ती देवी घाइते भएको प्रहरीले जनाएको छ ।

यसैगरी, महोत्तरी जलेश्वर नगरपालिका ४ का ५४ वर्षीय जेरुद्र झा, सुनसरी हरिनगरा गाउँपालिका ४ को ३१ वर्षीय शंकर कुमार मेहता, धनुषा लक्ष्मनिया गाउँपालिका ६ का २३ वर्षीय सोनु राम, झापा बुद्धशान्ती गाउँपालिका १ बस्ने टिका देवी दुलाल, सर्लाही पर्सा गाउँपालिका ६ का ४० वर्षीय मनोजकुमार साह र मोरङ

*बाँकी अन्तिम पृष्ठमा*

# मधेशको मुख्यमन्त्रीमा कृष्ण यादव नियुक्त



**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

मधेस प्रदेशको मुख्यमन्त्रीमा कृष्ण यादव नियुक्त भएका छन् । मधेस प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले पाली कांग्रेसका नेता कृष्णप्रसाद यादवलाई शुक्रबार मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्री नियुक्त गरिएको हो । सात दलीय गठबन्धनबाट यादव मुख्यमन्त्री बनेका हुन् ।

नेपाली कांग्रेस, जसपा नेपाल, जनमत, नेकपा माओवादी केन्द्र, लोसपा र एकीकृत समाजवादीका ७७ जना सांसदको समर्थनमा उनी

*बाँकी अन्तिम पृष्ठमा*

# २८ बुँदे माग राख्दै जसपा नेपालद्वारा धर्ना



**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

विभिन्न २८ बुँदे माग राख्दै जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता तथा कार्यकर्ताले शुक्रबार जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडी धर्ना दिएका छन् ।

कार्यालयको मुल गेटमा जसपाका नेता तथा कार्यकर्ता तीन घण्टासम्म धर्नामा बसेका हुन् ।

सरकार समक्ष प्रस्तुत गरेको २८ बुँदे माग पुरा गराउन बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म प्रशासन अगाडि धर्ना बसेको जिल्ला अध्यक्ष केदार प्रसाद यादवले जानकारी दिएका छन् ।

विगतदेखि उठाउँदै आएको संविधान संशोधन, जातिय पहिचान आधारमा ११ प्रदेश, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रदेशलाई स्वायत्त अधिकार, स्थानीय तहको गैर-दलिय निर्वाचन, सीमान्तकृत समुदायका सबै अधिकार सुनिश्चिततासहित जेन-जी पुस्ताले उठाएको न्यायोचित मागहरु सम्बोधन गर्नुपर्ने उनले बताए ।

आफूहरूले अघि सारेको २८ बुदे माग पुरा गराउन संघर्षका कार्यक्रमहरु जारी राख्ने जसपा सप्तरी अध्यक्ष

*बाँकी अन्तिम पृष्ठमा*

# दौनी गर्न राखिएको धानमा आगलागि हुँदा एक लाख भन्दा बढीको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

सप्तरीको महादेवा गाउँपालिकामा बिहीबार राती दौनी गर्न राखिएको धानमा अचानक आगलागि हुँदा ठूलो क्षति भएको छ ।

वडा नं. ४ डाढाको मुसहरी टोलमा दौनी गर्न राखिएको धानमा आगलागी हुँदा एक लाख ३७ हजार मूल्य बराबरको धान जलेर नष्ट भएको हो ।

स्थानीय ६० वर्षीया रविया सदाको करिब एक विगहा खेतबाट काटिएको धान दौनी गर्न घरछेउमै जम्मा गरी राखिएको अवस्थामा बिहीबार राती अचानक आगलागी भएको हो ।

राती १२:३० सुरु भएको आगलागी स्थानीयवासीको सहयोगमा दुई घण्टाको प्रयासमा आगो पूर्ण रुपमा नियन्त्रणमा आएको र अन्य कुनै मानविय क्षति नभएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले आगलागीको कारण खुल्न नसकेको र त्यस बारे थप अनुसन्धान भइरहेको जनाएका छन् ।

# मधेस प्रदेशसभा सदस्य विच्छा निलम्बनमा

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १९ मंसिर ।**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका मधेस प्रदेशसभा सदस्य कंचन विच्छालाई निलम्बन गरिएको छ ।

प्रदेशसभा सचिवालयका सचिव वासुदेव कोइरालाले राप्रपाको लिखित पत्रका आधारमा विच्छालाई निलम्बन गरिएको बताए ।

शुक्रबार प्रकाशित सूचनामा प्रदेशसभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १९० अनुसार राजनैतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३५ को २ तथा



प्रदेशसभा कार्यसञ्चालनसम्बन्धी नियमावली, २०७५ को नियम १९१ बमोजिम विच्छालाई निलम्बन गरिएको उल्लेख छ ।

विच्छालाई पार्टीको नीतिविपरीत अनुशासन उल्लङ्घन गरेको भन्दै राप्रपाले पार्टी विधान २०४८ (संशोधनसहित) अनुसार छ महिनासम्म साधारण सदस्यबाट निष्कासन गरी प्रदेशसभा सदस्यबाट फिर्ता गर्ने राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिबाट निर्णय भएकोसमेत जनाइएको छ ।

